रोशी गाउँपालिका

स्थानीय राजपत्र

खण्ड: ३ **भाग: २** **मिति: २०७६/०५/२७**

भाग-२

रोशी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रोशी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७६ सालको कार्यबिधि नं: ५

आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यबिधि, २०७६

रोशी गाउँपालिका भित्र बसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपि तथा वडा कार्यालयको स्पष्ट किटानी सिफारिसको आधारमा बढीमा रु. ३०००।– सम्म गाउँपालिका प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ । तर दफा **अ.**को उपदफा **(ङ)** मा उल्लेखित बेखर्ची व्यक्तिहरुको हकमा रोशी गाउँपालिका भित्र स्थायी बसोबास नभएको भएपनि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

अ. सामान्य आर्थिक सहयोग

(क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी,

(ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरु,

(ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,

(घ) अति विपन्न व्यक्तिहरु,

(ङ) वेखर्ची व्यक्तिहरु,

आ. विशेष आर्थिक सहायता

रोशी गाउँपालिका भित्र बसोबाट गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पष्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा

क्षेत्रीयस्तरकलो अस्पताल वा स्वास्थ्य चौकीको सिफारिसका आधारमा वढीमा रु. १०,०००।– सम्म गाउँपालिका प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछः

(क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

(ख) शरिरको कुनै अङ्ग फेर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

(ग) कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

(घ) यस गाउँपालिका क्षेत्र भित्र फेला परेको बेवारिसे लाश दाहा संस्कार खर्च रु. ८,०००।– ।

तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दिर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वृद्ध वृद्धाहरु तथाबाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नेपर्ने वालवालिकाहरुको हकमा व्यहोरा प्रमाणित हुने गरी सम्बन्धित संस्था र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा रु. ७०००।– सम्म गाउँपालिका प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ ।

आज्ञाले
डम्बरु दाहाल
प्रमुख प्रशासकीय अधिकृत